नासौँ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ।

गण्डकी प्रदेश, नेपाल।

नासौँ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धारापानी, मनाङ गण्डकी प्रदेश, नेपाल २०७३

## बोलपत्र फाराम

**आ.ब.२०८२/०८३ को ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी नदिजन्य पदार्थ उत्खनन, संकलन र विक्रि गर्ने सम्बन्धि सुचना**

**बोलपत्रदाताको नाम:**

**ठेगाना:**

**सम्पर्क व्यक्ति:**

**सम्पर्क नं.:**

**सम्पर्क ईमेल:**

प्रमुख प्रशासकीय अधिकृत

नासौं गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ ।

## ढुंगा,गिट्टी, ग्राभेल, बालुवा आदि नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रि गर्ने सम्बन्धी सूचना

**दास्रो पटक प्रकाशित मितिः २०८२/०८/२१**

नासौं गाउँपालिका १ नं. वडामा पर्ने ताल मर्स्याङदी नदीको विच, खोपेढुंगा आसपास, ताल पार्क भित्रका बगर क्षेत्रबाट ढुंगा, गिट्टी, ग्राभेल, बालुवा आदि नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्रि गर्न स्वीकृत IEE बमोजिम आ.ब.२०८२/०८३ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र र कालो सूचीमा नपरेको स्व-घोषण पत्र सहित रितपूर्वक बोलपत्र आव्हान गरिन्छ ।

| सि. नं. | ठेक्का नं. | विवरण | अधिकतम परिमाण | न्यूनतम ठेक्का अंक (मु.अ.कर सहित | धरौटी रकम | बोलपत्र फारम दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| १ | Nason/Ncb/Rev/01/2082/083 | मर्स्याङदी नदिको बिच, खोपेढुङ्गा आसपास र ताल पार्क भित्रका बगर क्षेत्र खण्ड क खण्ड ख र खण्ड ग बाट ढुगा गिटि ग्राभेल र बालुवा सकलन तथा उत्खनन | ३०३८०१।८५ घन फिट | रु.२४,०३,०७३।- | कबोल अंकको ५% (मु.अ.क.सहित) | रु.३००० | २०८२/०९/०७ गते १२ बजेसम्म | २०८२/०९/०७ गते २:०० बजे |

नोटः बोलपत्र सम्बन्धी थप आवश्यक विवरण गाउँपालिकाको वेभसाइट वा www.bolpatra.gov.np मा हेर्न सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत

नासौँ गाँउपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धारापानी मनाङ

गण्डकी प्रदेश, नेपाल

## आन्तरिक आय तर्फको बोलपत्र आव्हान सम्बन्धी सूचना !!!

दोस्रो पटक प्रकाशित मिति २०८२/०८/२१ गते

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क र गण्डकी प्रदेशको आर्थिक ऐन २०८२/०८३ मा व्यवस्था भए बमोजिम, कार्यपालिका को निर्णय अनुसार तपसिलमा उल्लेखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन् गरी नासौँ गाउँपालिकाले तोकेको दरमा बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाण पत्र, मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ. व. ०८१/०८२ को करचुक्ता प्रमाण पत्र र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपिहरुको संलग्न गरी तपसिल बमोजिमको सर्तहरुको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| आय ठेक्का न. | ठेक्का विवरण | | संकलन /उत्खनन् गर्नुपर्ने अधिकतम परिणाम ( घ.फि.) | सुरुको बिन्दु | अन्तिम बिन्दु | जम्मा न्युनतम अंक रु (मु.अ. कर र अग्रिम आयकर बाहेक ) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| Nason/Ncb/Rev/01/082/083 | मर्स्याङ्गदी नदिको बिच, खोपेढुङ्गा आसपास, ताल पार्क भित्रका बगर क्षेत्र बाट ढुगा,गिटी, ग्राभेल र बालुवा संकलन तथा उत्खनन | खण्ड क<br>खण्ड ख<br>खण्ड ग | **303801.85** | 28°27'55.39"N<br>84°22'32.20"E | 28°27'46.57"N<br>84°22'31.47"E | **2126613** | भ्याट सहितको कबोल अंकको कम्तिमा ५% ( पांच प्रतिशत) | 3000 |
| | | | | 28°27'46.29"N<br>84°22'32.33"E | 28°27'31.78"N<br>84°22'34.42"E | | | |
| | | | | 28°27'49.04"N<br>84°22'33.37"E | 28°27'44.75"N<br>84°22'33.95"E | | | |

१६. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको १५ औं दिन सम्म बोलपत्र फारम प्राप्त गरि सम्पूर्ण प्रक्रिया पुरा गरि १६ औं दिनको १२ बजे भित्र दर्ता गर्नुपर्नेछ । १६ औ दिनको १२बजे भित्र प्राप्त बोलपत्र १६ औं दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ, बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि कार्यालय प्रतिनिधीको रोहवरमा टेण्डर खोल्न बाधा पर्ने छैन ।

१७. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक प्रमाणपत्र (कम्तिमा घ वर्ग, स्थायी लेखानम्बर पान, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी, बोलपत्रवापतको दस्तुर तिरेको प्रमाण, मुअक सहितको कबोल अंकको ५

प्रतिशत धरौटी दाखिला भएको प्रमाण,फर्मको प्रोप्राइटर वा आधिकारीक प्रतिनिधीको नागरिकता प्रमाणपत्रको प्रतिलिपी, कालो सूचीमा नपरेको स्वयं घोषणा अनिवार्य रुपमा संलग्न राखी पेश गर्नु पर्नेछ ।

१८. ठेक्का अवधि २०८३ साल जेठ मसान्त सम्म रहनेछ । ठेक्का अवधिमा बन्द हडताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन। IEE प्रतिवेदनले निषेध गरेको अवधिमा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन। तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री नियमानुसार विक्री तथा निकासी गर्न सकिनेछ ।

१९. माथि उल्लिखित सबै ठेक्काहरु कबोल अङ्कको थप मूल्य अभिवृद्धि कर(१३ प्रतिशत) र अग्रिम आयकर (१.५ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सोको प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

२०. धरौटी बापत भ्याट सहित कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको धारापानी स्थित प्रभु बैंकमा रहेको ग -३ Nason Ga.Pa. Sthaniya Taha Dharauti खाता नं. **1600112107400041** मा नगद दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंक बाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र न. र नाम उल्लेख गरि १२० दिनको म्याद सहित जारि गरिएको विडवन्ड बोलपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापतको न्युनतम रकम उल्लेख भएकोले धरौटीबापतको रकम यसै सुचना बमोजिम हुनेछ ।धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइने छैन र उक्त धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

२१. बोलपत्रखरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको धारापानी स्थित प्रभु बैंकमा रहेको ग १.१ नासो गा पा आन्तरिक राजस्व खाता नं. १६००११२१०७४०००६१ मा वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको भौचर संलग्न गर्नुपर्नेछ ।

२२. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

२३. बोलपत्र दाखिला गर्दा कुनै किसिमको शर्त मान्यहुने छैन । साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

२४. ठेक्कामा कुनै विवाद भएमा नासौँ गाँउपालिकाका निर्णय अन्तिम हुनेछ।

२५. बोलपत्रमा कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

२६. नदिजन्य पदार्थ निकासि गर्ने बाटो मर्मत ठेकेदार स्वयंले गर्नुपर्नेछ र खर्च दावि गर्न पाइने छैन । खोलाको दायाँबायाँ रहेको कुलो, नहर, तटबन्धको ५०मिटर भित्र उत्खनन गर्न पाइने छैन ।

२७. सूचनामा उल्लेखित खण्डहरुको GPS POINTS निर्धारण भएकोमा सो भित्रको उपखण्ड कायम हुदा वा कानुन बमोजिम निषेधित क्षेत्र परि GPS POINTS फरक हुने विषयको जानकारी र सो सम्वन्धि कागजातहरु कार्यालय बाट प्राप्त गर्न सकिनेछ ।

२८. बोलपत्र साथ रहने जानकारी तथा शर्तहरु यसै सूचनाको शर्तसरह मान्य हुनेछन् ।

२९. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून र गाउँपालिकाको निर्णय बमोजिम हुनेछ ।

३०. अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

<u>ठेक्का सम्बन्धि अन्य शर्तहरुः-</u>

२०. उल्लेखित समय भन्दा अगावै तोकिएको परिमाण उत्खनन भएमा उक्त उत्खनन परिमाण मुल्याङ्कन गरी कार्य प्रक्रियामा रोक लगाईने छ ।

२१. कवोल रकम यस कार्यालयको प्रभु बैंकमा रहेको नासो गा पा आन्तरिक राजस्व खाता नं. १६००११२१०७४०००६१ मा एकमुष्ट (अग्रीम) वा किस्तावन्दीमा बुझाउन सकिने छ र भुक्तानी रकमको सक्कल भौचर र नियमानुसार लाग्ने मू.अ.कर समेतको सक्कल रसिद सम्झौताको बखत वा किस्ता रकम दाखिला पश्चात यस कार्यालयमा बुझाउन पर्ने छ ।

२२. आय रकमको भुक्तानी तालिका देहाय वमोजिम हुने छ ।

| किस्ता | किस्ता बुझाउनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | नियमानुसारको अविधिभित्र ठेक्का सम्झौता गर्दाको बखत | कवोल अंकको ५० प्रतिशतले हुन आउने रकम । |
| दोस्रो | २०८३ साल बैशाख मसान्तभित्र | कवोल अंकको ५० प्रतिशतले हुन आउने रकम । |

२३. वुंदा नं. ३ वमोजिम एकमुष्ट रकम नबुझाएमा कुल कवोल अंक मध्ये पहिलो किस्तामा बुझाउनु पर्ने रकम वाहेक बाँकी मू.अ.कर रकम सहितको ठेक्का अवधी सम्मका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गका बैंकको जमानत (परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी चलान पूर्जी दिईनेछ ।

२४. तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । किस्ता रकम तोकिएको समयमा नबुझाएमा 'क' वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउने छैन ।

२५. कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धि कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।

२६. गाउँपालिका भित्रका नदी नालाबाट ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा निकासी IEE प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा मात्र तोकिएको परिमाण उत्खनन गर्न पाईने छ ।

२७. ढुंगा, गिट्टी, वालुवा, रोडा आदिको संकलन, उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, नासौं गाँउपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्ने छ ।

२८. गण्डकी प्रदेश सरकारको ढुंगा, गिट्टी, वालुवा उत्खनन संकलन क्रसिङ्ग र विक्री वितरण र क्रसर उद्योग स्थापना र संचालनलाई व्यवस्थित गर्न बनेको कार्यविधि २०७५ को अनुसूची ३ वमोजिमको मापदण्ड भित्रको क्षेत्रबाट ढुंगा, रोडा, ग्राभेल, गिट्टी र वालुवा निकाल्न पाईने छैन ।

२९. नदी नालाबाट ढुंगा, वालुवा, गिट्टी झिक्दा नदीको प्राकृतिक स्वरुप फेरीने गरी, वहाव खलबलिने गरी झिक्न पाईने छैन । साथै नदी किनार भित्तालाई क्षती पुग्ने गरी वा भूक्षय हुने गरी ढुंगा, वालुवा, गिट्टी झिक्न पाईने छैन । यसरी झिकेको प्रमाणित भएमा प्रथम पक्षले ठेक्का तोडी दोस्रो पक्षलाई जरिवाना गर्न सक्ने छ ।

३०. सामान विक्री गर्दा अनिवार्य मु.अ.कर विजक जारी गर्नु पर्नेछ । विजक जारी नगरेको पाईएमा कानुन वमोजिम कारवाही हुनेछ ।

३१. सामाग्री उत्खनन तथा संकलन तथा ढुवानी कार्य दिनको समयमा सूर्योदय देखि सूर्यास्तसम्म मात्रै गर्नु पर्नेछ र उत्खनन गर्दा IEE मा उल्लेख भए अनुसार IEE प्रतिवेदनको अधिनमा रही गाउँपालिकाको Excavation Plan बमोजिम मेसिन (Dozer, Excavator) प्रयोग गर्न सकिनेछ । हावा चलेको बेलामा, पानी चुहिने गरी, धुलो उड्ने गरी, ओभरलोड हुने गरी ढुवानी गर्न पाईने छैन ।

३२. उत्खनन पश्चात निकासीको लागि बाटो निर्माण तथा मर्मतको जिम्मेवारी दोस्रो पक्षको हुनेछ र त्यो निर्माण वापतको खर्च दोस्रो पक्षले पहिलो पक्ष सँग दावी विरोध गर्न पाउने छैन ।

३३. दोस्रो पक्षले आवश्यकता अनुसार अन्य जनशक्ति परिचालन गर्नेछ

३४. जनशक्तिको सम्पूर्ण जिम्मेवारी (विमा, स्वास्थ्य अन्य दुर्घटनाको क्षति आदि) दोस्रो पक्षको हुनेछ ।

३५. कामको जाँचबुझ गर्ने, निरीक्षण, अनुगमन गर्ने काम पहिलो पक्ष वा पहिलो पक्षले तोकेको व्यक्ति वा निकायले समेत गर्नेछ । निरीक्षकले दोस्रो पक्षलाई आवश्यक निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशन पालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

३६. प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

३७. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने । उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानुन वमोजिम हुनेछ । ठेक्कामा कुनै विवाद भएमा नासौं गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

३८. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन बमोजिम हुनेछ ।

नासौं गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धारापानी, मनाङ
गण्डकी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

**नासौं गाँउपालिकाका**
गाउँ कार्यपालिकाको कार्यालय
**धारापानी, मनाङ**
## ढुङ्गा, गिट्टी, वालुवाको कर उठाउने सम्बन्धी बोलपत्र फारम
आ.व.२०८२/०८३ को लागि

ठेक्का नं. Nason/Ncb/Rev/01/082/083
बोलपत्र दस्तुर : रु. ३०००।-

| विवरण | न्यूनतम रकम | कबोल अङ्क | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | अङ्कमा | अक्षरमा | | |
| मर्स्याङ्गदी नदिको बिच, खोपेढुङ्गा आसपास र ताल पार्क भित्रका बगर क्षेत्र (खण्ड क ख र ग) मा स्वीकृत वातावरणीय प्रतिवेदन IEE मा उल्लेखित खण्ड अन्तर्गतको क्षेत्रहरु बाट नदिजन्य पदार्थहरुको उत्खनन् /संकलन शुल्क | रु.२४०३०७३/- ( मु.अ .कर १३ % ) सहित | | | मु.अ .कर सहित कबोल अंकको ५ % | |
| जम्मा रकम | | | | | |

संलग्न कागजातहरु:

बोलपत्र दाताको

सही:

नाम, थर :

स्थायी ठेगाना:

मिति :

सम्पर्क फोन नं. :

छाप :

# बोलपत्रदाताले पेश गर्नुपर्ने न्यूनतम कागजातहरु:

१. तपसिल बमोजिमको न्यूनतम कागजात अनिवार्य पेश गर्नुपर्नेछ:-

- फर्म/कम्पनी दर्ता प्रमाणपत्र
- नविकरण आवश्यक पर्ने फर्म/कम्पनीको नविकरण पत्र
- मु.अ.कर (भ्याट) मा दर्ता भएको प्रमाणपत्र
- आ.ब.२०८१/०८२ को कर चुक्ता प्रमाणपत्र
- प्रस्ताव पेश गर्ने सम्बन्धमा प्रस्तावदाता फर्म/कम्पनीको अख्तियारनामा (Power of Attorney)
- बोलपत्रदाताले आफु यस कार्यमा सहभागी हुन अयोग्य घोषित नभएको र व्यवसायिक कसुर सम्बन्धी सजाय नपाएको भनी लिखित घोषणापत्र
- दस्तुर जम्मा गरेको सक्कल भौचर
- सूचनामा उल्लेख भए बमोजिम बोलपत्र जमानत (Bid Security)
- संयुक्त उपक्रम भएको खण्डमा सो को सम्झौता पत्र
- बोलपत्र पेश गर्ने निवेदन

e-bidding मार्फत बोलपत्र पेश गर्न इच्छुक बोलपत्रदाताहरुले PPMO को वेभसाईट www.bolpatra.gov.np मा सबै कागजातहरु Scan गरि PDF Format मा बोलपत्र पेश गर्नु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

## बोलपत्र प्रस्ताव पेश गर्ने निवेदन

(बोलपत्रदाताले स्पष्ट रुपमा आफ्नो नाम र ठेगाना उल्लेख भएको लेटर प्याडमा यो बोलपत्रको निवेदन तयार गर्नु पर्दछ ।)

मिति:..............................

बोलपत्र सूचना नं.Nason/Ncb/Rev/01/082/083

श्री नासौँ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

धारापानी, मनाङ ।

### विषय: बोलपत्र पेश गरेको सम्बन्धमा ।

तहाँ कार्यालयको मिति २०८२/०८/२१ गते प्रकाशित बोलपत्र सुचना नं. Nason/Ncb/Rev/RE 01/082/083 अनुसार उत्खनन तथा संकलन परिमाण स्थल (ताल मर्स्याङदी नदीको विच, खोपेढुंगा आसपास र ताल पार्क भित्रको बगर क्षेत्र) सम्बन्धी बोलपत्र आव्हान भएको बोलकबोलको सूचना बमोजिम बोलपत्रको शर्तहरुमा मञ्जुर भई बोलकबोल गर्न निवेदन पेश गरेको छौ ।

**तल हस्ताक्षर गर्ने हामी यो घोषणा गर्दछौ कि**

१) हाम्रो बोलपत्र, बोलपत्र सम्बन्धी कागजात बमोजिम, बोलपत्र पेश गर्ने अन्तिम मिति देखि....................दिनको लागी मान्य हुनेछ । यो अवधि समाप्त हुनु अगाडी जुनसुकै बेल पनि हाम्रो यो प्रस्तावलाई स्वीकृत गर्न सकिनेछ ।

२) राजस्व संकलनका लागि जारी भएको बोलपत्रको शर्तहरु पालना गरि कार्यालयबाट जारी हुने निर्देशन अनुसार कार्य गर्न मञ्जुर रहेका छौं ।

३) कुल कबोल अंक मु.अ.क. सहित रु......................................................को प्रस्ताव पेश गरेका छौं ।

४) कबोल अंक मु.अ.क. समेतले हुन आउने रकमको रु.....................................................जमानत वापत जम्मा गरेका छौ वा............................................................बैंकको बैंक जमानत पत्र पेश गरेको छौं ।

५) हामी स्व-घोषणा गर्दछौ, यो बोलपत्र प्रक्रियामा सहभागी हुन हामी कुनै पनि कानूनी हिसाबले अयोग्य छैनौं, प्रस्तावित बोलपत्र प्रक्रियामा हाम्रो कुनै स्वार्थ बाझिएको पनि छैन र पेशागत वा व्यवसायिक कसूरमा हामीले कुनै सजायँ पाएका पनि छैनौं ।

**नाम:**

**पद:**

**हस्ताक्षर:**

**बोलपत्रमा**..........................................को तर्फबाट हस्ताक्षर गर्ने अधिकार प्राप्त

**मिति:**